फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

प.सं. :- ०७५/०७६
च.नं. :- ६९८

मिति : २०७५/१०/२८

विषय : आधारभूत तह उर्त्तीण परीक्षा सम्बन्धमा ।

श्री फलेवास नगरपालिका स्थित कक्षा ८ सञ्चालन भएका सम्पुर्ण विद्यालयहरु

प्रस्तुत विषयमा आधारभूत तह उत्तीर्ण परीक्षा समिति फलेवास नगरपालिका पर्वतको मिति २०७५/१०/२८ को निर्णयानुसार तपसिलको निर्देशन र समय तालिका बमोजिम कक्षा ८ को परीक्षा सञ्चालन गर्नु गराउनुहुन अनुरोध छ ।

नगर शिक्षा अधिकारी

निर्देशनहरु :

१. सम्बन्धित विद्यालयलाई परीक्षा केन्द र सम्बन्धित विद्यालयका प्रधानाध्यापकलाई केन्द्राध्यक्ष तोकिएको छ ।

२. सम्बन्धित केन्द्राध्यक्षले आवश्यकता अनुसार निरीक्षकको व्यवस्था गर्नुपर्नेछ ।

३. परीक्षाको वैधता र विश्वसनीयलाई उच्च बनाउन परीक्षालाई स्वच्छ, मर्यादित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्नु केन्द्राध्क्ष लगायत परीक्षामा संलग्न व्यक्तिको कर्तव्य हुनेछ ।

४. परीक्षाका प्रश्न पत्रहरुको गोपनियता कायम राख्ने मुख्य जिम्मेवारी केन्द्राध्यक्षको हुनेछ ।

५. परीक्षाका प्रश्नपत्र, उत्तरपुस्तिका, थप उत्तरपुस्तिका र उत्तरकुञ्जिका फलेवास नगर शिक्षा शाखाबाट २०७५ फागुन २५ गते उपलब्ध गराइनेछ । अन्य सामग्रीको व्यवस्थापन विद्यालय आफैले मिलाउनुपर्नेछ । २०७५/१२/११ गते सञ्चालन हुने मातृभाषा वा स्थानीय विषय वा कम्प्युटर शिक्षा वा संस्कृत वा इच्छाधिन विषयको प्रश्नपत्र विशिष्टिकरण तालिका अनुसार विद्यालय आफैले निर्माण गरी परीक्षा सञ्चालन गर्नुपर्नेछ ।

६. केन्द्राध्यक्षले प्रश्नपत्र बुझ्दा प्रश्नपत्रको बाहिरी खाममा लेखिएको मिति, विषय तथा उ.पु. संख्या रुजु गरी लैजानु पर्नेछ । कुनै समस्या भएमा शिक्षा, युवा तथा खेलकुद शाखामा सम्पर्क गर्नुपर्नेछ ।

७. प्रश्नपत्रमा कुनै समस्या देखिएमा वा प्रश्न पत्र छुट हुन गएमा सम्बन्धित विषयको शिक्षकबाट प्रश्नपत्र निर्माण गर्न लगाई परीक्षा लिने व्यवस्था गर्नुपर्नेछ साथै सो प्रश्नको एक प्रति परीक्षा समितिलाई उपलब्ध गराउनुपर्नेछ ।

८. नगर शिक्षा समिति, नगरस्तरीय विद्यालय अनुगमन समिति, वडा शिक्षा समिति, र जनप्रतिनिधिहरुबाट समेत परीक्षा हुनु पुर्व, परीक्षा सञ्चालनको अवधिमा र परीक्षा समाप्ति पश्चात परीक्षाको अनुगमन हुनेछ । केन्द्राध्क्षले अनुगमन क्रममा दिएका लिखित तथा मौखिक सुझावहरुको पालना गर्नु गराउनु पर्नेछ ।

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

प.सं. :- ०७५/०७६

च.नं. :-

९. विद्यालयले दिइएको उत्तरकुञ्जिका अनुसार उत्तरपुस्तिकाहरुको परीक्षण र सम्परीक्षणको व्यवस्था मिलाउनु पर्नेछ । परीक्षण गरिएका उत्तरपुस्तिका ६ महिनासम्म विद्यालयमै सुरक्षित राख्नुपर्नेछ । अध्ययन अनुसन्धानका लागि नगरपालिकाले जुनसुकै वखत उक्त उत्तरपुस्तिकाहरु संकलन गर्न सक्नेछ । विद्यार्थीले प्राप्त गरेको ग्रेडमा चित्त नबुझेमा सम्बन्धित विद्यार्थीबाट निवेदन माग गरी पुनर्योगको व्यवस्था समेत गर्नुपर्नेछ । ग्रेडवृद्धि परीक्षा सम्बन्धी निर्देशन पछि उपलब्ध गराइनेछ ।

१०. परीक्षा समाप्त भएको ७ दिनभित्र प्राप्ताङ्कहरु IEMIS मा Entry गरी upload गरेको हुनुपर्नेछ । IEMIS बाट ३ प्रति मार्क लेजर प्रिन्ट गरी २०७५/१२/२० भित्र शिक्षा शाखाबाट प्रमाणित गराई एक प्रति वडा शिक्षा समितिमा बुझाई एक प्रति विद्यालयमा अभिलेखको राख्नुपर्नेछ । आधारभूत तह उत्तीर्ण परीक्षा लगायत अन्य कक्षाको बार्षिक परीक्षाको नतिजा २०७५/१२/२५ मा प्रकाशन गरी जनप्रतिनिधिसहितको अभिभावक भेलामा विद्यार्थीहरुलाई ग्रेडसिट वितरण गरी पुरस्कृत गर्नुपर्नेछ । **IEMIS** सम्बन्धि कुनै जिज्ञासा भए **iemis.doe.gov.np** हेर्नुहुन वा **९८६१८०४०७७** वा **९८५७६३१७५६**मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

११. मार्कलेजर र ग्रेडसिट तयार गर्दा **SEE** परीक्षा दिने सालको चैत्र मसान्त (२०७७ चैत्र मसान्त) सम्म १४ वर्ष उमेर पुग्नुपर्ने कुरालाई विशेष ध्यान दिनुपर्नेछ । मार्कलेजर प्रमाणित गराउन ल्याउदा विद्यार्थीको जन्मदर्ताको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१२. बार्षिक परीक्षाको समाप्ति पछि शैक्षिक सत्र २०७६ को लागि नगरपालिकाद्वारा सञ्चालन हुने बार्षिक योजना तथा शैक्षिक सामग्री निर्माण कार्यशालामा शिक्षकहरु अनिवार्य सहभागी हुनुपर्नेछ । पाठ्यक्रम अनुसारका विषयगत शैक्षिक सामग्री निर्माणका लागि आवश्यक पर्ने सामग्रीहरु विद्यालयले शिक्षकलाई उपलब्ध गराउनु पर्नेछ ।

१३. विद्यालयले आफ्नो सेवा क्षेत्र भित्रका सम्पूर्ण अभिभावकलाई २०७६ बैशाख २ गतेबाट नै पठनपाठन शुरु हुने गरी आफ्ना बालबालिकाहरु विद्यालयमा भर्ना गराउन प्रोत्साहन गर्नुपर्नेछ ।

१४ संस्थागत विद्यालयका लागि परीक्षा शुल्क रु.४००।- कायम गरिएको छ ।

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

प.सं. :- ०७५/०७६

च.नं. :-

१५ मिति २०७५/१२/१ देखि सञ्चालन हुने आधारभूत तह उत्तीण परीक्षाको समय तालिका निम्नानुसार रहेको छ ।

| क्र. सं. | मिति | बार | परीक्ष शुरु हुने समय | विषय | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७५/१२/१ | शुक्रबार | विहान ११:०० बजे | अंग्रेजी | पाठ्यक्रमले तोकेको पूर्णाङ्कमा प्रयोगात्मक कार्यका लागि विशिष्टिकरण तालिका अनुसार बाँकी रहेको प्रयोगात्मक कार्य/परीक्षा समेत प्रत्येक विषयको सैद्धान्तिक परीक्षा समाप्त भएपश्चात सञ्चालन गरी सोको अंक समेत IEMIS मा Entry गर्नु पर्नेछ । |
| २ | २०७५/१२/३ | आइतबार | विहान ११:०० बजे | गणित | |
| ३ | २०७५/१२/४ | सोमबार | विहान ११:०० बजे | नेपाली | |
| ४ | २०७५/१२/५ | मंगलबार | विहान ११:०० बजे | सामाजिक अध्ययन र जनसंख्या शिक्षा | |
| ५ | २०७५/१२/७ | विहीबार | विहान ११:०० बजे | विज्ञान तथा वातावरण | |
| ६ | २०७५/१२/८ | शुक्रबार | विहान ११:०० बजे | स्वास्थ्य तथा शारीरिक शिक्षा + नैतिक शिक्षा | |
| ७ | २०७५/१२/१० | आइतबार | **दिउसो १:०० बजे** | पेशा व्यवसाय र प्रविधि शिक्षा | |
| ८ | २०७५/१२/११ | सोमबार | **दिउसो १:०० बजे** | मातृभाषा वा स्थानीय विषय, कम्प्युटर शिक्षा/संस्कृत/इच्छाधिन विषय | |

१६.आधारभूत शिक्षा उत्तीर्ण परीक्षा २०७५ मा सम्मिलित हुने विद्यार्थीको विवरण निम्नानुसार २०७५/११/०७ गते भित्र उपलब्ध गराउनु हुन अनुरोध छ ।

फलेवास नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

## खानीगाउँ, पर्वत

गण्डकी प्रदेश, नेपाल ।

प.सं. :- ०७५/०७६

च.नं. :-

| क्र.सं | विद्यार्थीको नामथर (अंग्रेजीमा) | बाबुको नाम (अंग्रेजीमा) | आमाको नाम (अंग्रेजीमा) | ठेगाना | जन्ममिति (वि.सं.मा) | विद्यार्थीको दस्तखत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

तयार गर्नेको

नाम :

दस्तखत :

प्रधानाध्यपको नाम :

दस्तखत :

मिति :

द्रटव्य :

(क) माथिको तालिकामा विद्यार्थीको नामथर जन्ममिति आदि विवरण लेख्दा अनिवार्य रुपमा जन्मदर्ता प्रमाण पत्र हेरेर मात्र पछिसम्म फरक नपर्ने गरी लेख्नु पर्नेछ ।

(ख) कक्षा १० को अन्तिम परीक्षा (SEE) मा सहभागी हुने वर्षको चैत्र मसान्तसम्म १४ वर्ष उमेर पुरा भएको हुनुपर्नेछ ।

(ग) विद्यार्थीको नामथर Capital letter मा हुनु पर्नेछ ।

(घ) यो नमुना फाराम अनुसार Excel sheet मा तयार गरी soft copy र hard copy दुबै नगर शिक्षा शाखामा बुझाउनु पर्नेछ ।